

World Vision

# राष्ट्रिय रणनीति
## २०२१-२०२५

# विषय सूची


राष्ट्रिय निर्देशकको सन्देश

१. राष्ट्रिय सन्दर्भः नेपाल

२. वर्ल्ड भिजन इन्टरनेशनल नेपालको राष्ट्रिय रणनीतिः एक झलक

३. नेपालका बालबालिकाहरुको लागि आशा ल्याउँदै

४. चुनौती तथा अवसरहरु

५. वर्ल्ड भिजनको रणनीतिक आशय

६. रणनीतिक प्राथमिकता र केन्द्रित क्षेत्र

७. प्रभावको लागि साझेदारी

# राष्ट्रिय निर्देशकको सन्देश



*हाम्रो दर्शन प्रत्येक*
*बालबालिकाको*
*जीवनको सम्पूर्णता*
*हाम्रो प्रार्थना*
*प्रत्येक हृदयमा त्यस्तै*
*गर्ने चाहना*

विगत दुई दशक देखि वर्ल्ड भिजन इन्टरनेशनल नेपालका बालबालिकाहरू र उनीहरूका परिवारका लागि स्वस्थ र समृद्ध भविष्य निर्माण गर्न प्रयासरत छ । बढी जोखिमयुक्त स्थानमा पुग्ने हाम्रो जनादेश र उद्देश्य प्रतिबिम्बित गर्दै, हामी हाम्रा प्रयासहरूलाई अति आवश्यक भएका ठाउँहरूमा केन्द्रित गरेका छौं, जस्तै – दुर्गम र मुस्कीलले पुग्न सक्ने प्रदेशहरु तथा समुदायहरूमा; २०१५ को भूकम्पबाट सबैभन्दा बढी प्रभावित क्षेत्रहरूमा; र बालबालिकाहरूले सबैभन्दा धेरै कठिनाई अनुभव गरिरहेका स्थानहरूमा । बिगत देखिनै वर्ल्ड भिजनले नेपाल सरकार लगायत राष्ट्रिय, स्थानीय तहका अभियन्ताहरूको सहयोगी तथा साझेदारको रूपमा काम गर्नुका साथै दिगो विकासका लक्ष्यहरु प्राप्त गर्नका लागि उनीहरूले लिएको स्वामित्व र नेतृत्वलाई समर्थन गर्दै आएको छ ।

वर्षौंदेखि नेपालमा हामीले बालबालिकाको सम्बृद्धिको क्षेत्रमा उल्लेखनीय प्रगति र सुधारहरु देख्यौं । सन् २०१८ देखी २०२० को अवधिमा ४००,००० नेपाली बालबालिकाहरूले हाम्रो सामुदायिक विकास कार्यक्रमबाट प्रत्यक्ष रूपमा लाभ पाउन सफल भएका छन् । हामीले सेवा गर्ने समुदायहरूमा

केही बालबालिकाहरु मात्र कम तौलका छन्, अधिकांश शिशुहरु महिला स्वयमसेविकाहरूको प्रत्यक्ष निगरानीमा जन्मिएका छन्; शिक्षकहरु पर्याप्त श्रोत साधनका साथ उपलब्ध छन्, विद्यालयहरु सुरक्षित र अधिक अनुकूल शिक्षण वातावरण बनेका छन्, धेरै युवाहरुले अर्थपूर्ण काम र रोजगारी पाएका छन्; घरपरिवारले आफ्नो आम्दानी बढाएका छन् । हाम्रो भुकम्प प्रतिकार्यको (भुकम्प पछिको दायित्व) एक भागको रूपमा हामीले २०१५ देखी २०१८ को अवधिमा ५७३,६८८ मानिसहरुलाई राहत र सहायता प्रदान गरेका थियौं, जस मध्ये २४८,३५९ बालबालिकाहरु थिए ।

यी उपलब्धिहरू हुँदै गर्दा हामी नेपालका बालबालिकाहरुका लागि अझ राम्रो वातावरण सिर्जना गर्न अगाडि रहेको लामो र कठिन यात्राबारे सचेत छौं । नेपाल बहुआयामिक गरिबी सूचाङ्क रिपोर्ट २०१८[1] ले ९ वर्षभन्दा कम उमेरका ४१.६% बालबालिकाहरु बहुआयामिक गरिबीमा बाँचिरहेका छन् भन्ने कुरा देखाउँदछ । यसबाट के स्पष्ट हुन्छ भने, गरिबीले बहुपक्षीय रुपमा नेपालका बालबालिकाहरुलाई असर गरिरहेको छ । त्यसैले आगामी वर्षहरूमा हामीले हाम्रा कार्यहरूलाई तीब्र रूपमा अघि बढाउनु पर्दछ ।

कोभिड- १९ महामारीद्वारा निम्तिएको आर्थिक संकट तथा तनाव, कुनै तत्कालीन समाधान बिना चलिरहेको सार्वजनिक स्वास्थ्य जोखिम जस्ता नयाँ र बढ्दो चुनौतीको सामना नेपालले गरीरहेको अवस्थामा ती बालबालिकाहरुको आवश्यकता अझै बढ्ने निश्चित छ । अति जोखिममा रहेका जनसंख्याको आवश्यकताहरूलाई सम्बोधन गर्न साझेदारहरुबाट पहिलेभन्दा बढि बहुआयामिक र समग्र प्रयासहरूको आवश्यकता रहेको छ भने उनीहरूका परिवार र समुदायहरुलाई गरिबीको रेखाबाट अझै तल झर्नबाट रोक्नका लागि प्राविधिक र वित्तीय स्रोतहरु परिचालन गर्न जरूरी रहेको छ ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको राष्ट्रिय रणनीति २०२१ – २०२५ ले कठिन समयमा बालबालिकाहरुको भविष्यका लागि फरक कथा लेख्न र नेपाल सरकारलाई सहयोग गर्न आफ्नो कार्यक्रमको प्राथमिकताहरुका साथै परिचालनमा तत्परताहरूको रणनीतिक अभिप्राय प्रतिनिधित्व गर्दछ । यो दुवै स्थानीय र अन्तर्राष्ट्रिय तहमा भएका धेरै महिनाको आन्तरिक प्रतिबिम्ब, बालबालिका सहितको समुदायहरूसँगको संवाद र विभिन्न सरोकारवालाहरुसँग भएको परामर्शको प्राप्ति हो । यो रणनीतिक कागजातको पन्नाहरु पढ्दै जाँदा, मलाई यो आशा छ कि तपाईंले कडा परिस्थितिहरुको बावजुद बालबालिकाहरु, उनीहरूको परिवार र समुदायको सम्बृद्धि अनुभव गर्न सक्नुहुनेछ, र वर्ल्ड भिजनसँग साझेदारी गरेर नेपालको हरेक बालबालिकाहरूलाई जीवनको सम्पूर्णता अनुभव गराउन सक्ने इच्छा राख्नुहुनेछ ।

## जेनिस इम्यानुएल गिन्टिङ्ग
राष्ट्रिय निर्देशक
वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

1 Multidimensional Poverty Index: Analysis towards Action, 2018. National Planning Commission, Oxford Poverty and Human Development Initiative, University of Oxford, 2018

# १. राष्ट्रिय सन्दर्भ: नेपाल

## राजनैतिक अवस्था


- संघीय लोकतान्त्रिक गणतन्त्र
- नेपालको संविधानसभाले सेप्टेम्बर २०१५ मा संविधानसभा सदस्यहरूबाट ९०% समर्थन सहित नयाँ संविधान जारी गर्‍यो
- नयाँ संविधानले पुनर्गठन गरेको स्थानीय निकाय: सात प्रदेश र ७५३ स्थानीय सरकारहरु - नगरपालिका र गाउँपालिका
- १७८ देशहरूमध्ये ३३ औं सबैभन्दा सम्वेदनशील देश (Fund for Peace – 2015)

## आर्थिक/विकास परिदृश्य

- मानव विकास सूचाङ्क (२०१५): १८८ देशहरूमध्ये ०.५५८-१४४ औं (मध्यम मानव विकासको रूपमा वर्गीकृत)
- राष्ट्रिय गरिबी रेखामुनि रहेको जनसंख्या प्रतिशत: २५.२% (ADB – 2017)
- GDP प्रति व्यक्ति: $ ७३० (World Bank – 2015)
- विश्वव्यापी भोक सूचाङ्क (GHI): २१.९ (गम्भीर) (International Food Policy and Research Institute – 2016)

## सामाजिक र बालबालिकाको अवस्था

नेपालमा पाँच वर्ष मुनिका बालबालिकाहरूमा कुपोषण




गम्भीर स्वासप्रश्वासको संक्रमण भएका पाँच वर्ष मुनिका बालबालिकाहरू

**७८.३ %**

आफ्नो पहिलो जन्मदिनभन्दा अघि मृत्यु भएका बालबालिकाहरु

**३.८ %**

प्राथमिक तहमा विद्यालय भर्ना दर


**९८.७ %**

माध्यमिक तहमा विद्यालय भर्ना दर

**६०.४३ %**

## सामाजिक र बालबालिकाको सम्बृद्धि

- सामाजिक र बालबालिको सम्बृद्धि
- वर्ल्ड भिजनको कार्य क्षेत्रमा ११ - १३ वर्षका ४८ % विद्यालय जाने बालबालिकाहरू निरक्षर छन्
- तराई तथा मधेशमा दलित समुदायका १० मध्ये ९ जना महिलाहरू अशिक्षित छन् (International Dalit Solidarity Network - 2015)



- प्रत्येक वर्ष १२,००० – १५,००० बालबालिकाहरु श्रम तथा व्यावसायिक यौनपेशाको लागि भारतमा बेचबिखन हुने गर्दछन् (Global Slavery Index - 2013)

### विश्वव्यापी दासत्व: १६० देशहरू मध्य ५ औं सबैभन्दा खराब स्थानमा

- १६ लाख बालबालिकाहरु बाल श्रममा छन् जसमध्ये ३७ % जोखीमयुक्त श्रममा संलग्न छन् (ILO - 2014)
- विश्वको महिला आत्महत्या दरमा नेपाल ७ औ स्थानमा पर्दछ (WHO - 2015)

## वातावरण अवस्था

- मौसम जोखिम सूचाङ्क: विश्वमा ७ औ स्थानमा (Germanwatch - 2016)
- भूकम्प जोखिम अनुरूप विश्वको ११ औं जोखीमयुक्त देश
- वर्तमान मौसम परिवर्तनशीलता र चरम घटनाहरूको प्रत्यक्ष लागत: प्रति वर्ष GDP को १.५% - २% (लगभग $२७० - ३६० मिलियन) (Economic Impact Assessment of Climate Change in Key Sectors - 2013)

## नेपालमा कोभिड-१९

| | |
|---|---|
| कुल संख्या: | कुल संक्रमण संख्या: |
| २२६,०२६ | १६,६३९ |
| कुल मृत्यु संख्या: | कुल निको हुने संख्या: |
| १,३८९ | २०७,९९८ |

श्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (२५ नोभेम्बर २०२०)

# २. वर्ल्ड भिजन इन्टरनेशनल नेपालको राष्ट्रिय रणनीति: एक झलक

## रणनीतिक लक्ष्य (२०२१ - २०२५):

८ लाख बालबालिकाको जीवन सुधार गर्न, विशेष गरी सबैभन्दा जोखिममा रहेको बालबालिकाहरूलाई हिंसाबाट जोगाउन, राम्रो पोषण, गुणस्तर र समावेशी शिक्षाको पहुँच दिन र उनीहरूको परिवार र समुदाय बीच सकारात्मक र शान्तिमय सम्बन्धको अनुभुती गराउने ।

### सबैभन्दा जोखीममा रहेका ८ लाख बालबालिकाहरुको सम्बृद्धि

#### १. परिवार तथा समुदायमा सकारात्मक र शान्तपुर्ण सम्बन्ध भएका बालबालिकाको संख्यामा वृद्धि

**परिणामहरु:**

- परिवारहरूले बालबालिकाहरूको समग्र विकासको लागि अनुकूल वातावरण प्रदान गर्दछन्
- विभिन्न समुदायको अगुवाहरू सहित समुदायहरूले एक अर्काको हेरचाह गर्दछन्

**मुख्य सूचकहरु:**

- अभिभावक/हेरचाह कर्ताहरूसँग सकारात्मक र शान्तपुर्ण सम्बन्ध भएका बालबालिकाको %
- साथीहरूसँग सकारात्मक र शान्तपुर्ण सम्बन्ध भएका केटाकेटीहरूको %

#### २. हिंसाबाट बचाइएको बालबालिकाको संख्यामा वृद्धि

**परीणामहरु:**

- बाल संरक्षण प्रणाली तथा सम्बन्धित नीतिहरू सुदृढ
- बालबालिकाहरूको लागि समुदाय तथा संस्थानहरू सुरक्षित ठाउँ
- समुदायद्वारा रेफरल संयन्त्रको प्रयोग

**मुख्य सूचकहरु:**

- विगत १२ महिनामा शारीरिक आक्रमण अनुभव गरेका किशोरकिशोरीहरूको % लिङ्गको आधारमा
- विगत १२ महिनामा कुनै अपराधीद्वारा यौन दुर्व्यवहार अनुभव गरेका किशोरकिशोरीहरूको % लिङ्गको आधारमा
- विवाहीत किशोरकिशोरीहरूको %
- सामुदायिक बाल संरक्षण समितिले अनुसरण गरेको ज्ञात बाल सुरक्षा मामिलाहरूको %

#### ३. पोषीत बालबालिकाहरूको संख्यामा वृद्धि

**परीणामहरु:**

- मातृ तथा बाल पोषणमा सुधार
- कार्यरत क्षेत्रहरूको स्वास्थ्य सेवामा सुधार
- खाद्य सुरक्षामा सुधार, विशेषगरी स्पोन्सरसीप कार्यक्रममा दर्ता भएका बालबालिका तथा अति जोखिममा रहेका बालबालिकाका परिवारहरूमा

**मुख्य सूचकहरु:**

- ० - ५९ महिनाका बालबालिकाहरूमा न्यून तौल, उचाई अनुसार कम तौल तथा उमेर अनुसार कम उचाईको व्यापकता
- ६ महिनाको उमेर सम्म विशेष रूपमा स्तनपान गर्ने बालबालिकाहरूको व्यापकता
- खाद्य असुरक्षा अनुभव मापदण्ड विश्व स्तर मापदण्ड (FIES-GSS) अनुसार मध्यम वा गम्भीर खाद्य असुरक्षाको सामना गरिरहेका घरधुरीहरूको %
- बहुआयामी गरीबीमा परेका घरधुरीहरूको %
- पैसा बचत गर्ने माध्यम भएका आमाबुवा वा हेरचाहकर्ताको %
- बहुक्षेत्रीय पोषण कार्यक्रमको स्वास्थ्य प्रणाली सुदृढीकरणमा पैरवीको प्रभाव

#### ४. पढ्न सक्ने प्राथमिक तहका बालबालिकाको संक्ख्यामा वृद्धि


**परीणामहरु:**

- सुदृढ सिकाई पद्धती तथा अभिभावको संलग्नताले बालबालिकाको सिकाई विस्तार
- विद्यालयहरूमा सुरक्षित शैक्षिक वातावरण बालबालिकाहरूले प्रयोग भएका
- गुणस्तरीय तथा समावेशी शिक्षामा पहुँच


**मुख्य सूचकहरु:**

- न्यूनतम गतीमा पढ्ने सक्ने कक्षा ३ का बालबालिकाहरूको अनुपात

# रणनीति कार्यान्वयनका सक्षमकर्ताहरू



# वर्ल्ड भिजन इन्टरनेशनल नेपालका परियोजना जिल्लाहरु




नोट : मोरङ्ग र सुनसरी जिल्लाहरूमा स्पोन्सरसीप कार्यक्रम समाप्त भएता पनि विश्व बैंकको वित्तिय सहयोगमा संचालित किताब परियोजना सन् २०२१ मार्च महिनासम्म संचालनमा रहनेछ ।


Wheel
World Vision

# ३. नेपालमा बालबालिकाहरूको लागि आशा ल्याउँदै

## हाम्रो परिचय

वर्ल्ड भिजन बालबालिका केन्द्रित राहत, विकास र पैरवी गर्ने संस्था हो जसले विश्वमा जोखिममा रहेका लाखौँ बालबालिका जीवनमा परिवर्तन ल्याउन सहयोग पुऱ्याएको छ । वर्ल्ड भिजनले स्थानीय समुदायहरू, नागरिक समाज, सरकार तथा निजी क्षेत्रसँगको समन्वय, पारस्परिक सहभागिता, आपसी विश्वास, उत्तरदायित्व र जिम्मेवारी मार्फत साझा लक्ष्य र दृष्टिकोण बनाउँदै बालबालिकाको हितमा काम गर्न सकिन्छ भन्ने विश्वास राख्दछ ।

**१९** वर्षदेखि कार्यरत

**१६** जिल्ला

**६** प्रदेश

**१३०+** कर्मचारी

## हाम्रो कार्यक्रम

**शिक्षा**
गुणस्तरीय, सुरक्षित र समावेशी आधारभूत शिक्षामा समान पहुंच

**स्वास्थ्य**
बाल स्वास्थ्यमा सुधार

**उत्थानशीलता**
विपद् र आर्थिक संकटको सामना गर्न समुदायको उत्थानशीलता वृद्धि

**संरक्षण**
जोखिममा रहेका समूहहरूको संरक्षण

## इनोभेसन

NEPAL INNOVATION LAB


नेपाल इनोभेसन ल्याब वर्ल्ड भिजनको एउटा अंग हो । यसले मानवीय तथा विकाससँग सम्बन्धित कार्यक्रममा आइपर्ने समस्याको समाधानका उपायहरु परीक्षण गर्ने, नमुना प्रस्तुत गर्ने तथा तिनको सफलताको तह मापन गर्ने कार्यमा सहयोग गर्दछ ।

## अभियान

नेपाली जुटौं बाल विवाह रोकौं

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा वर्ल्ड भिजनले सामुदायिक रेडियो प्रसारक संघ नेपालसँगको साझेदारीमा १० अगस्ट, सन् २०१७ मा “नेपाली जुटौं, बाल विवाह रोकौं” नामक पाँच वर्षे अभियानको शुभारम्भ गरेको थियो ।

## हाम्रो यात्रा




## दर्शन

**हाम्रो दर्शन प्रत्येक बालबालिकाको जीवनको सम्पूर्णता;**
**हाम्रो प्रार्थना प्रत्येक हृदयमा त्यस्तै गर्ने चाहना**

**विश्वभरि गरिबीको मुख्य कारणहरूलाई सम्बोधन गरेर हामी जोखिममा रहेका २० करोड बालबालिकासमक्ष पुग्न सफल भएका छौं ।**

सन् २००१ देखि वर्ल्ड भिजनले नेपालमा क्षेत्रिय कार्यक्रमहरू मार्फत बालबालिकाको सम्बृद्धिको लागि काम गर्दै आएको छ । स्वास्थ्य, शिक्षा, संरक्षण, कृषि तथा आर्थिक विकास, युवा विकास, विपद् जोखिम व्यवस्थापन लगायतका क्षेत्रहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मुख्य आधार बनाई विभिन्न कार्यक्रमहरू संचालनमा ल्याएका छन् ।

## शिक्षा

वर्ल्ड भिजनले गुणस्तरीय, सुरक्षित र समावेशी आधारभूत शिक्षालाई बालबालिकाको पहुँच बनाई विद्यालय तथा विद्यालयको सुरक्षालाई सुदृढ बनाउनुको साथै १७३ विद्यालयका २५७,४०७ बालबालिकाको शिक्षण परिणाम सुधार गर्न महत्वपूर्ण योगदान पुर्‍याएको छ । यसका प्रमुख कार्यहरू Unlock Literacy (प्रारम्भिक कक्षा शिक्षा), विद्यालय तथा विद्यालय सुरक्षा कार्यक्रमहरूमा खाने पानी, सरसफाई तथा स्वच्छता समावेस (WASH) गरि संचालन गर्ने । ८९% शिक्षकहरूले प्राप्त शिक्षण तालिमको सदुपयोग गरेका छन् भने छापायुक्त कक्षा भएको विद्यालयको अनुपातमा वृद्धि भई २६% पुगेको छ ।

## स्वास्थ्य

४२,००० बालबालिका तथा आमाहरूको पौष्टिक स्थितिमा सुधार ल्याउन ४५ स्वास्थ्य सेवा र ६७ गाउँघर क्लिनिकहरूसँग काम गरेका छन् । वर्ल्ड भिजनको मातृ तथा शिशु स्वास्थ्य प्राविधिक कार्यक्रममा भाग लिएका बालबालिकाहरूमा कम तौल हुनेको संख्या ७.६ प्रतिशतले कम भएको छ । वर्ल्ड भिजनले बालबालिकाको स्वास्थ्य सुधारको लागि वृद्धि अनुगमन प्रवर्द्धन, आमाहरूलाई संगठीत गर्ने, कुपोषित बालबालिकाहरूको लागि विशेष सत्र (सकारात्मक झुकाव सामूहिक चुल्हो) संचालन गर्ने र स्वास्थ्य सेवा तथा गाउँघर क्लिनिकहरूलाई सहयोग प्रदान गरेका छन् । त्यसैगरी विद्यालयमा WASH सुविधाको विकास, सेनिटरी प्याडको उपलब्धता, व्यक्तिगत सरसफाईबारे किशोरीहरूलाई सशक्तिकरण जस्ता कार्यक्रमहरू मार्फत किशोरीहरूमा महिनावारीका कारण विद्यालय अनुपस्थितिमा कमी आएको छ ।

**सन् २०१६ देखि ८,२०,००० बालबालिका वर्ल्ड भिजनका विभिन्न कार्यक्रमहरूबाट लाभान्वित भएका छन् भने सन् २०१८-२०२० मा मात्रै निम्न सफलता हासिल गर्न सफल भएका छौ :**

**४,००,०००**
वर्ल्ड भिजन इन्टरनेशनल नेपालको कार्यक्रमबाट प्रत्यक्ष रूपमा लाभान्वित भएका बालबालिका

**४२,०००**
पोषण तथा किशोरकिशोरी स्वास्थ्य कार्यक्रमबाट लाभान्वित भएका बालबालिका

**२५७,३०७**
शैक्षिक कार्यक्रमबाट लाभान्वित भएका बालबालिका

**३२,०९३**
संरक्षण कार्यक्रमबाट लाभान्वित भएका बालबालिका

**११६,०००**
कृषि तथा आर्थिक विकास कार्यक्रमबाट लाभान्वित भएका व्यक्तिहरू

**९,८२५**
युवा कार्यक्रम कार्यक्रमबाट लाभान्वित भएका बालबालिका

## कृषि तथा आर्थिक विकासका कार्यक्रम:

अभिभावकलाई आफ्ना बालबालिकाको राम्रो हेरचाह तथा आर्थिक समस्यासँग जुध्न सक्ने क्षमतामा वृद्धि भएको छ । कुल १४,३७४ उत्पादनकर्ताहरूलाई स्थानीय मूल्य श्रृंखला विकास तथा बजार व्यवस्थापनमा साक्षर बनाएका छन् । यस कार्यक्रमले औपचारिक रूपमा वित्तीय सेवाहरू प्रयोग गर्ने सहभागी उत्पादकहरूको संख्या २०१८ मा २१ प्रतिशतबाट २०१९ मा ६०.९ प्रतिशत बनाई तीन गुणा वृद्धि अनुमान गरेका छन् । त्यसैगरी उत्पादकहरू मध्ये ६२ प्रतिशतले आफ्नो उत्पादन बढाए भने ५५ प्रतिशतले प्रति वर्ष परिणाम अनुगमनको आधारमा ७,००० राजश्व बढाएका छन् । युवा विकास कार्यक्रमले १६ देखि २६ वर्ष उमेरका युवाहरूलाई लक्षित गरी कार्यक्रम कार्यान्वयन गर्दछ जसले सशक्तिकरण र आर्थिक अवसरहरूको लागि उनीहरूलाई तयार पार्ने लक्ष्य राखेर ४ वटा क्षेत्रिय कार्यक्रमहरू लागु गरेको थियो । यस कार्यक्रममा कुल ४,२४४ युवाहरू सहभागी भएका थिए भने शिक्षा, रोजगारी तथा तालिम नपाएका युवाको अनुपात २९.९ प्रतिशतबाट घटेर ८.८ प्रतिशतमा पुगेको वर्ल्ड भिजनको नतिजा अनुगमनले देखाएको छ ।

## राष्ट्रिय विपद् जोखिम न्युनिकरण परियोजना :

यस परियोजनाले समुदाय तथा स्थानीय सरकारलाई स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना बनाउन र पुनर्वलोकन गर्न सामर्थ्य बनाउँदछ । कृषि तथा आर्थिक विकास, युवा विकास र विपद् जोखिम न्युनिकरणका गतिविधिहरूबाट कुल ११६,००० बालबालिकाहरू लाभान्वित भएका छन् ।

## संरक्षण:

पैरवी परियोजना तथा "नेपाली जुटौँ बाल बिवाह रोकौँ" अभियानसँगै ४ क्षेत्रिय कार्यक्रमहरूमा कार्यान्वयन भएका संरक्षण कार्यक्रमहरूबाट ४५,००० बालबालिकालाई लाभान्वित भएका छन् । यस कार्यक्रममा सफल परियोजना "रूपान्तरण" सामेल गरिएको छ । वर्ल्ड भिजनले ४३ बाल संरक्षण समितिको सुदृढीकरणमा काम गरेको छ । प्राविधिक कार्यक्रमले शारीरिक हिंसा (२७ प्रतिशत) कम गर्न र बाल संरक्षण सेवाहरूमा पहुंच बढाउन (३३ प्रतिशत अंक) नतिजा अनुगमनको आधारमा महत्वपूर्ण सावित भएको छ ।



२०१५ को भूकम्प पश्चात एक मानवीय संस्थाको रूपमा वर्ल्ड भिजनले २०१५ देखि २०१८ सम्म सबैभन्दा धेरै प्रभावित जिल्लाहरूमा केन्द्रित भएर भूकम्प प्रतिकार्य तथा पुनर्स्थापनाको गतिविधि गरेको थियो । शिक्षा, बाल संरक्षण, विपद् पूर्वतयारीका लागि पूर्वाधार, स्वास्थ्य सेवा, पोषण, पानी, सरसफाई र स्वच्छता (WASH), आवास तथा जीवीकोपार्जन सहयोगको माध्यमबाट १० जिल्लाहरू (भक्तपुर, धादिङ, दोलखा, गोरखा, काठमाडौं, लमजुङ, ललितपुर, नुवाकोट, सिन्धुली र सिन्धुपाल्चोक) मा ५७३,६८८ मानिस र २४८,२५९ बालबालिकालाई सहयोग पुऱ्याएको थियो ।

# भूकम्प प्रतिकार्य

## THREE YEARS ON NEPAL EARTHQUAKE RESPONSE

World Vision has reached out to those who were most in need, providing critical humanitarian support, and helping Nepal build back better.

### LIVELIHOODS

| | |
|---|---|
| 98 | Irrigation sytems rehabilitated |
| 45 | Roads rehabilitated |
| 5,918 | Households received agriculture inputs |
| 383 | Saving groups established and strengthened |

### HEALTH

| | |
|---|---|
| 12 | Health posts constructed /repaired |
| 31 | Women, Adolescent, Youth and Child Spaces constructed |
| 3,721 | Baby hygiene kits |
| 376 | Health workers trained |

### SHELTER AND INFRASTRUCTURE

| | |
|---|---|
| 21,400 | Households supported to build semi-permanent make-shift shelter |
| 304 | Houses being built |
| 11,340 | People oriented on Build Back Better |
| 151 | Masons trained |

### WATER, SANITATION AND HYGIENE

| | |
|---|---|
| 189 | Water systems |
| 11,448 | Toilets |
| 22,492 | Clean water kits |
| 14,442 | Hygiene kits |
| 214,284 | People reached through hygiene promotion trainings |

### EDUCATION

| | |
|---|---|
| 14 | Schools repaired/rehabilitated |
| 62 | TLCs with WASH facilities |
| 1,002 | Children re-enrolled in educational institutions |
| 10,549 | Student kits |
| 329 | Teachers trained |

### CHILD PROTECTION

| | |
|---|---|
| 35 | Child-friendly spaces |
| 2,210 | Children trained on child protection |
| 5,158 | Children provided with psychosocial support |

### CASH

| | |
|---|---|
| 184,035 | beneficiaries received cash support |

### DRR and GESI

| | |
|---|---|
| 2,975 | Households trained on Diaster Risk Management |

25 April 2015
7.8 magnitude earthquake

12 May 2015
7.3 magnitude earthquake

10 RESPONSE DISTRICTS

Bhaktapur, Dhading, Dolakha, Gorkha, Kathmandu, Lamjung, Lalitpur, Nuwakot, Sindhuli and Sindhupalchowk




| | | |
|---|---|---|
| Relief phase | APR - SEPT 2015 | |
| | OCT 2015 - SEPT 2016 | Recovery phase |
| Rehabilitation phase | OCT 2016 - APR 2018 | |

*Progress till Feb 2018

# कोभिड–१९ प्रतिकार्य

**१५ लाख**
मानिसमाझ कोभिड-१९ रोकथामको सन्देश पुऱ्याईएको

**४३,४९८**
सरसफाई सामग्रीहरू वितरण

**२७**
स्वास्थ्य सुविधा सहयोग

**२०,६५२**
समुदायका व्यक्तिलाई कोभिड–१९ सुरक्षात्मक सामग्रीहरू उपलब्ध गराईएको

**७६**
सामुदायिक स्तरका सार्वजनिक हात धुने स्टेशन स्थापना

**१,०३२**
किटाणुनासक किट स्वास्थ्य सुविधा केन्द्रलाई वितरण गरिएको

**१६,४९९**
हात धुने सामग्रीहरू वितरण

**१,०००**
स्वास्थ्य जनशक्तिलाई व्यक्तिगत सुरक्षाका सामग्रीहरू उपलब्ध गराईएको

**६७**
क्वारेन्टाईन तथा आईसोलेशन सुविधालाई सहयोग

**१८,३००**
पञ्जा वितरण

**३,८६८**
फेस मास्क वितरण

सन् २०२० मा कोभिड-१९ विश्वव्यापी महामारीको रूपमा फैलिएसँगै यसले देशभरीको स्वास्थ्य र आर्थिक क्षेत्रमा प्रभाव पारेको थियो । वर्ल्ड भिजनले कोरोना भाइरसको संक्रमण रोक्न तथा अति जोखिममा रहेका बालबालिका तथा परिवार हरूमा यसबाट भएको प्रभाव कम गर्न नेपाल कोभिड–१९ आपत्कालिन प्रतिकार्य (COVER) परियोजना सुरू गरेको थियो ।



# ४. चुनौती तथा अवसरहरु

**दिगो विकासका लक्ष्यहरू तर्फ नेपालको प्रगतिः** करिब २९३ लाख मानिसहरूमध्ये १८.७% जनसंख्या राष्ट्रिय गरिबीको रेखामुनि रहेको अनुमान छ, जसमध्ये सन् १९९५ मा ४२ प्रतिशतबाट घटेर बहुआयामी गरिबी प्रतिव्यक्ति ३४% रहेको छ ।

नेपालको मानव विकास सूचाङ्क (HDI) अङ्क ०.५७९ रहेको छ, १८९ राष्ट्रहरू मध्ये नेपाल १४९ स्थानमा रहेको छ । सो अनुसार संयुक्त राष्ट्र संघले नेपाललाई "मध्यम मानव विकास वर्ग" का रूपमा परिभाषित गरेको छ ।

६.८% को वार्षिक आर्थिक वृद्धि र कोभिड-१९ भन्दा अघि १०,०४७ अमेरिकी डलर अवधारणागत आयको साथ, Gini coefficient ०.३१ जनाए अनुसार नेपाल एक बढ्दो अर्थव्यवस्थाको साथ बढ्दो असमानता भएको देश हो ।

वर्ल्ड भिजनको राष्ट्रिय पोर्टफोलियोले नेपाललाई असुरक्षा र नाजुकताको आधारमा "कम विकशित देश" को रूपमा चिह्नित गरेको छ र यो अवस्थामा हुने नेपाल सरकारको आँकलन अनुरूप छ ।

OECD नाजुकता सुचकको अनुसार सन् २०१८ मा नेपाल उल्लेखनियरूपमा सुधार गर्ने देशहरूमध्ये तेस्रो स्थानमा रह्यो । सन् २०१९ मा पनि चौंथो स्थानमा कायम गरेता पनि नेपाल अझै 'उच्च जोखिम'मा रहेको देशको रूपमा रहेको छ र विभिन्न चुनौतिहरूका सामाना गर्दैछ जसका कारण नेपालको विकासका कार्यहरूमा लामो समयसम्म असर पार्नेछ ।

## २०१५ को भूकम्प:

२५ अप्रिल २०१५ मा गोरखा जिल्ला केन्द्रबिन्दु बनाएर ७.६ रेक्टर स्केलको भूकम्प गएको थियो जसमा ८,७९० जना मारिए र २२,३०० घाइते भएका थिए । राष्ट्रको ७५ जिल्लाहरु मध्ये २९ जिल्लाहरूमा ८० लाख जनसंख्या (करिब राष्ट्रिय जनसंख्याको लगभग एक तिहाइ) प्रभावित भए । त्यो सँगै करीब ३.५ लाख मानिसहरू घरबारविहीन भए ।

करिब ७ अर्ब अमेरीकी डलर, कुल ग्राहस्थ उत्पादन (GDP) को एक तिहाइ, बराबरको क्षति भएको अनुमान गरिएको थियो । कुल ग्राहस्थ उत्पादनको वृद्धिमा ४.६ बाट १.५ प्रतिशतले घटेको थियो ।

भूकम्पले २.५–३.५ प्रतिशत (७ लाख) नेपाली गरिबीको रेखामुनी बाँच्न बाध्य भएका थिए ।

संघीय सरकारको संरचनामा परिवर्तन: भूकम्पपश्चातको केही महिना पछि २० सेप्टेम्बर २०१५ मा एकात्मक प्रणालीको ठाउँमा नेपालको संविधान जारी भयो र त्यो सँगै संघीय सरकारको संरचना अपनाउने प्रमुख निर्णय पारित भयो । संविधानले तीन तहको सरकार (संघीय, प्रदेश र स्थानीय) र सो अनुसार राज्यको पुनर्गठन गऱ्यो जहाँ, ७ प्रदेश र ७५३ स्थानीय सरकारको रूपमा सरकार संरचनाको परिकल्पना गरीएको छ ।

नयाँ शासन संरचनाले स्थानीय सरकारमा बढी जोड दिन्छ र यसले सेवा वितरणमा सुधार ल्याउने अवसरहरु प्रदान गर्दछ, साथै सम्भावित नीति तथा कार्यक्रमहरु लागू गर्दै बालबालिकाको सुरक्षा र सुरक्षाको सबै तहमा सुरक्षित स्थान कायम गर्दछ । यद्यपि नेपालमा संघीयताको कार्यान्वयन भने केही सुस्त देखिएको छ ।[2]

यद्यपि केही प्रगतिहरु इच्छुक स्थानीय तहका सरकारहरुसँग गरिएको छ, साथै २०१७ को चुनावमा ३८ प्रतिशत विधानसभा सीट महिलाहरुले जितेका थिए र २१ प्रतिशत दलित (अल्पसंख्यक समूह) ले जितेका थिए; राष्ट्रिय रुपरेखा कानूनको अभाव, संघीयबाट स्थानीय तहमा सरकारी रोजगारीको अवधारणा, नीति अनुत्रमको कार्यान्वयन, योजनाको समय अनुक्रमको अभाव र विशेषगरी संघीयताका अपेक्षित उद्देश्यहरु पूरा गर्न स्थानीय सरकारको क्षमताको प्रमुख अवरोध रहेको पाइन्छ ।

## कोभिड-१९ को प्रभाव

नेपालमा २५ नोभेम्बर २०२० मा २२६,०२६ कोभिड-१९ संक्रमित संख्याहरू पुष्टि भएका थिए, जसमध्ये २०७,९९८ मानिसहरूले पुनर्लाभ गरे भने १६६,३९ आइसोलेसनमा भर्ना भए । ६६९ मानिसहरू क्वारेन्टाइनमा बसे भने १,३८९ मानिसहरूको मृत्यु भयो ।

सरकारले २४ मार्चमा देशव्यापी बन्दाबन्दी गरेसँगै मानिसहरूको हिँडडुलमा प्रतिबन्ध र १९ मार्चमा विद्यालय संचालनमा प्रतिबन्ध लगाएको थियो ।

2 Implementing Federalism: The Case of Nepal. Georgia State University (2020).

मे महिनाको अन्त्यसम्म संक्रमितको संख्या १,००० मुनि रह्यो तर दुई महिना (जुन र जुलाई) मा देशभर २१,००० भन्दा बढी संक्रमित संख्या अभिलेखसहित बीस गुणाले बढेको देखियो । सरकारले ११ जूनदेखि चरणबद्ध रूपमा बन्दाबन्दी सहज गर्न थाल्यो र अन्ततः केही प्रतिबन्धहरूको साथ २१ जुलाईमा लकडाउनलाई सहज बनाएको थियो ।

केन्द्रीय सांख्यिकी ब्युरोका अनुसार नेपालको आर्थिक वृद्धिदर ८.५% बाट घटेर २.२७ % हुने अनुमान गरिएको छ । यो विगत चार वर्षकै सबैभन्दा कम आर्थिक वृद्धिदर हो । नेपालको GDP को एक तिहाइ हिस्साको रूपमा रहेको रेमिट्यान्समा १४% ले ह्रास आउने अनुमान गरिएको थियो ।

बन्दाबन्दी भएसँगै मानिसहरु घरमा बस्नुपर्‍यो । यसले उनीहरूको कार्यको शीलशीलामा बाहिर निस्केर काम गर्नुपर्ने व्यक्तिको क्षमतामा निकै प्रभाव पारेको छ । विशेष रूपमा दैनिक ज्यालादारी काम गरेर कमाउनेहरु गम्भीर रूपमा प्रभावित भएका छन् ।


संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम (WFP) को खाद्यान्न सुरक्षा सर्वेक्षण अनुसार नेपालमा वर्षा नहुन्जेल पर्याप्त भण्डार छ, तर यसले गहुँ र अन्य जाडो बालीको फसलमा उल्लेखनीय कटौती हुने अनुमान गरेको छ । लकडाउनको असर कृषि कार्यमा भइरहेको छ । सीमा बन्दको खतरा भएमा आयात गर्न सकिने खालको खाद्यान्न स्तरमा पनि असर पार्नेछ । कम आय स्तरको साथ संयुक्त रूपमा यसको प्रभावले देशमा खाद्य सुरक्षामा संकट पैदा गरेर असुरक्षित स्थिति बढाउनेछ ।

बन्दाबन्दीका कारण नेपालमा ३६,००० विद्यालयका करीब सात लाख र विश्वविद्यालय स्तरका करिब आधा लाख विद्यार्थी शिक्षाबाट वञ्चित भएका छन् । बन्दाबन्दीको अवधिमा बलात्कार र घरेलु हिंसाका घटनाहरू वृद्धि भएसँगै समुदायमा अति जोखिममा रहेको समुहलाई प्रभाव परेको छ ।



# बाल सम्बृद्धिका मुख्य चुनौतीहरू

## बाल स्वास्थ्य:



मातृ तथा शिशु स्वास्थ्यको क्षेत्रमा नेपालले केही उल्लेखनीय प्रगति गरे पनि ४.८ % बालबालिकाहरू अझै पनि एक वर्षको उमेर नपुग्दै मृत्यु हुने गरेका छन् ।[3]

उमेर अनुसार कम उचाई भएको बालबालिका (Stunting) सन् २००१ मा ५७ प्रतिशतबाट २०१६ मा ३६ प्रतिशतसम्म उल्लेखनीय रूपमा घटेको छ ।

उचाई अनुसार कम तौल भएको बालबालिका (Wasting) सन् २००१ मा ११ प्रतिशतबाट २०१६ मा १० प्रतिशतमा घटेको छ ।

कम तौल भएको बालबालिका (underweight) सन् २००१ मा ४३ प्रतिशतबाट २०१६ सम्म पुग्दा २७ प्रतिशत भएको छ, तर पनि हालको दर अझै उच्च छ र यो जनस्वास्थ्य चिन्ताको विषय बनेको छ ।

3 Situation of Children and Women in Nepal. UNICEF (2016).

**मुख्य अवरोधहरू:** १) स्थानीय स्वास्थ्य सुविधाहरूमा रोकथामका उपायहरू तथा स्वास्थ्य सेवा प्रदान गर्न अपर्याप्त क्षमता, २) मातृत्व र बाल स्वास्थ्य सम्बन्धमा आमा र हेरचाहकर्ताको अपर्याप्त ज्ञान, मनोवृत्ति र अभ्यास, ३) आमा र बच्चाको आहार आवश्यकता पुर्तीको लागि वर्षभरी खानेकुरामा पर्याप्त पहुँच नहुनु तथा चाहिने मात्रामा खुवाउने अभ्यास नहुनु ।

## खाद्य असुरक्षा:

नेपालमा राष्ट्रिय घरेलु खाद्य सुरक्षा मात्रै ४८.२ % रहेको छ । ७६% जनसंख्या कृषिमा निर्भर भएता पनि र कुल ग्राहस्थ उत्पादन (GDP) को योगदानमा ३३% ले कृषिको निर्भरता घट्दै गइरहेको छ ।



अन्य समुदायमा भन्दा विशेषगरी दलित समुदाय (प्रदेश २ मा बाहुल्यता) मा बाल मृत्युदरको उल्लेखनीय उच्च दर, खोपको कम दर र उमेर अनुसार कम उचाई भएको बालबालिका दर उच्च (stunting) रहेको छ ।

**मुख्य बाधाहरू:** १) विशेषगरी अति गरिब जनसमुदायमा स्वास्थ्य र पोषणको लागि आवश्यक खाना किन्न अपर्याप्त आय, २) अपर्याप्त उत्पादनको कारण परिवारमा मौसमी खानाको असुरक्षा ।

## आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर:

नेपालले प्राथमिक विद्यालयहरूमा खुद भर्ना दर (NER) मा उल्लेखनीय (९७ प्रतिशत) रूपले प्रगति गरेको छ । सोही अनुरूप, कम गुणस्तर, पहुँचमा असमानता, भौगोलिक असुविधा, लैङ्गिकता र सामाजिक आर्थिक र जातीय भिन्नताहरु जस्ता शिक्षामा रहेका मुद्दाहरूलाई पनि समेटेको छ ।

कक्षा पाँचका ७२ प्रतिशत विद्यार्थीहरु गणितमा आधारभूत न्यूनतम शिक्षा हासिल गर्न असफल भएका छन्, जबकि ५५ प्रतिशत विद्यार्थीले मात्र नेपालीमा सही वाक्य निर्माण गर्न सक्षम देखिएका छन् । यी तथ्यहरूले कमजोर शिक्षण परिणामहरु सङ्केत गराउँछ ।

चार वर्षको उमेरमा स्कूल सुरू गर्ने बालबालिकाले आफ्नो १८ औं जन्मदिनमा विद्यालयको ११.७ वर्ष पूरा गर्ने अपेक्षा गर्न सकिन्छ । जे होस्, यदि सिकेर तथ्याङ्कीत गरिएको हो भने, स्कूलको अपेक्षित वर्षहरु ११.७ वर्षबाट ६.९ वर्षमा झर्छन् । यसको मतलब औसतमा करीव ४.८ वर्षको स्कूलहरु खराब गुणस्तरको कारण गुमेका हुन्छन् ।

आधारभूत स्तरमा (९२.३%) र माध्यमिक स्तरमा (४३.९%) खुद भर्ना दर को भिन्नताले बालबालिकाहरूको उल्लेखनीय स्कूल छोड्नुको कारणलाई जनाउँछ ।

यसबाहेक, (५-१२) वर्ष बालबालिकाहरूको अनुपात ७.३ छ । प्राय जसो प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूले स्कूल छोड्नुको कारण



बारम्बार उल्लेख गरिएको एउटा कारण खराब शैक्षिक प्रगति हो ।

२०१५ मा इन्टरनेटमा पहुँच भएका स्कूलहरु ३.९% थिए र सो पहुँचको दरलाई २०२५ को दिगो विकास लक्ष्य अनुसार ६५.८% बनाउने लक्ष्य राखिएको छ ।

शिक्षा क्षेत्रमा स्पष्ट असमानता रहेको छ किनकि अति गरिब परिवारका केवल १२ प्रतिशत बालबालिका साक्षरता संख्यामा विकासको मार्गमा छन् जबकि सम्पन्न परिवारबाट ६५ प्रतिशत रहेको छ ।

विद्यालय सुरक्षाको हिसाबले, केवल ११ प्रतिशत विद्यालय भवनहरु भूकम्प प्रतिरोधि छन् ।

भर्ना र उपस्थितिमा बाधा पुऱ्याउने मुख्य अवरोधहरु गरिबी, सामाजिक बहिष्कार, अशक्तता, प्रवास, बाल श्रम, सामाजिक नियम र लैङ्गिक पूर्वाग्रह साथै स्कूल व्यवस्थापन समितिको अपर्याप्त क्षमता र स्थानीय सरकार संसाधनको कमीले पनि गुणस्तरीय शिक्षा सेवाहरु प्रदान गर्नमा बाधा पुगिरहेको छ ।

## बाल विवाहः



बङ्गलादेश र भारत पछि उच्च बाल विवाह हुने तेस्रो देश नेपाल हो । सो दरको सूचाङ्क अनुसार नेपालमा ३२.८% महिलाको १८ वर्षको उमेर अघि विवाह हुने गरेको र ७.९% महिलाको १५ वर्षको उमेरमै विहे हुने गरेको सुचीत गर्छ । केटीहरूभन्दा कम संख्यामा भएता पनि नेपालको केटाहरूले पनि प्रायजसो कम उमेरमै विहे गर्ने गरेका छन् ।

प्रदेश २ मा बालविवाह दर (४२ %) ले उच्च रहेको छ, यो सँगै कर्णाली (४४.३ %) र सुदूरपश्चिम (३५.६ %) रहेको छ ।

विवाहित केटा केटीहरूले प्राय विद्यालय छोड्ने गरेका छन्; सानै उमेर १५ देखी १९ वर्षमा बच्चा जन्माउने, १७ प्रतिशतका महिलाहरूमा उनीहरू सँगै उनीहरूको नवजात शिशुको स्वास्थ्य अवस्था उच्च जोखीममा रहेको हुन्छ । कानुनी रूपमा नै विवाहको अनुमति नपाएको हुनाले जन्म प्रमाण पत्र पाउने बालबालिकाहरू कमै (५८.१ %) मात्रामा छन् । विश्वव्यापी अनुसन्धान अनुसार, उमेर पुगेपछि विवाह गरेको केटीहरूभन्दा सानै उमेरमा विवाह गरेको केटीहरु घरेलु हिंसाको शिकार हुने सम्भावना बढी देखिन्छ ।

नेपाल सरकारले कानुनी कार्य प्रणालीहरु सिर्जना गरेको छ र बाल विवाहलाई रोक्न केही कदम चालेको छ तर कार्यान्वयनमा भने केही अन्तर रहेको देखिन्छ । नेपालले सन् १९९० मा बाल अधिकार सम्मेलनलाई अनुमोदन गर्‍यो, जसले विवाहको न्यूनतम उमेर १८ वर्ष तोकेको छ, र सन् १९९१ मा महिला विरूद्ध हुने सबै प्रकारका विभेदको उन्मूलन सम्मेलन (CEDAW) लाई अनुमोदन गर्‍यो जसले विवाहलाई स्वतन्त्र र पूर्ण सहमति सुनिश्चित गर्न राज्यहरूलाई बाध्य तुल्याउँछ भन्ने कुरालाई जोड दिन्छ ।

२०३० सम्ममा SDGs को साथ गठित बाल विवाह अन्त्य गर्ने राष्ट्रिय कार्य योजना २०१६ मा अनुमोदन गरियो ।

नेपालको संविधान (२०१५) ले बालबालिकाको अधिकारलाई मौलिक अधिकारका रूपमा स्थापित गर्‍यो र यसका लागि संघीय, प्रदेश र स्थानीय सरकारले बाल विकासको सुरक्षा सुनिश्चित गर्न आवश्यक रोकथाम र संरक्षणका उपायहरु अपनाउन जिम्मेवार हुनु आवश्यक छ भनेर जनाउँछ ।

## बाल श्रम:



(५ देखि १७ वर्ष) बीच उमेरका १६ लाख बालबालिकाहरु बाल श्रममा संलग्न छन् । यी मध्ये ६२१,००० जोखिमयुक्त काममा संलग्न रहेको अनुमान गरिएको छ । सोही अनुमान अनुसार त्यस्ता जोखिमयुक्त कार्यस्थलमा संलग्न हुनेमा ६० प्रतिशत बालबालिकाहरुमा केटीहरु (३७३,०००) रहेको देखिन्छ ।

करिब २१ लाख (२९.६%) बालबालिकाहरू आफ्नो प्रयोगको लागि सामान उत्पादन गर्ने सम्बन्धित कम्तिमा पनि एउटा गतिविधिमा संलग्न थिए ।

**मुख्य अवरोधहरु:** गरिबी बाल श्रमको मुख्य कारक तत्व हो । गरिब अभिभावकले पैसा कमाउनको लागि बालबालिकाहरुलाई काममा संलग्न गराउँछन् । विद्यालय छोड्नु, बाल बेचबिखन, पारिवारिक कलह वा अनाथ बालबालिकाहरूको खण्डमा बालबालिकाहरुको हेरचाह गर्न असफल हुनु जस्ता बाल श्रमको अन्य कारणहरू हुन् ।



## आपत्कालीन र विपद्:

हिमालय श्रृखंलाको केन्द्रमा अवस्थित नेपाल यसको भौतिक मानचित्र र मौसमको अवस्थाका कारण विश्वमा सबैभन्दा विपद् जोखिम देशहरु मध्ये पहिलोमा पर्दछ । नेपाल मौसम परिवर्तनको आधारमा चौथो, भुकम्पको आधारमा एघारौं र बाढीको जोखीमको आधारमा तिसौं स्थानमा पर्दछ ।

कुल जनसंख्यामा बालबालिका सहित वार्षिक रूपमा विपद्बाट प्रभावित हुनेको संख्या १५.५ % प्रति १,००० रहेको छ भने मृत्युदर १.७ % प्रति १००,००० रहेको छ ।

**मुख्य बाधाहरु:** नेपालको लागि कुनै अनौठो होइन तर धेरै सन्दर्भहरुमा प्रकोप व्यवस्थापन सम्बन्धी अवस्थित नीति तथा ढाँचालाई नेपालका तीन तहको सरकारमा समन्वय गर्न सबै तहमा समन्वय सुधार गर्न र मुख्य सरोकारवालाहरुबीच भूमिका र जिम्मेवारी स्पष्ट पार्ने चुनौतीहरु रहेका छन् । संघीयता कार्यान्वयनको सुरूवाती चरणमा सरोकारवालाहरु; स्थानीय तहमा प्रभावकारी र समावेशी प्रकोप जोखिम न्यूनीकरण उपायहरुको कार्यान्वयन, योजनाको कार्यान्वयन र कार्यान्वयन योजनाको डिजाइनमा केही प्राविधिक अन्तरहरुसँग जोडिएको; र गरिबी जसले समुदायहरुलाई कम प्रतिरोधी बनाउँदछ - यी सबै साझेदारहरुबाट प्रतिबद्धता र साझेदारीको लागि हो । वर्ल्ड भिजन सबैभन्दा जोखिममा रहेको व्यक्ति, परिवार र समुदायको हितको लागि र समग्र नेपालीकै उत्थानशील क्षमता सुदृढ पार्नका लागि सहयोगी बनेर सहयोग पुर्‍याउन इच्छुक छ ।

# अवसरहरु:

नेपालमा बाल समृद्धि सुधार गर्ने मुख्य अवसरहरूका रूपमा केही आन्तरिक र बाह्य कारकहरु छन् । विगत १९ वर्षमा नेपालमा काम गरिसकेको वर्ल्ड भिजनले गरिब र असुरक्षित परिवारका बालबालिकाहरूको आवश्यकताहरु सम्बोधन गर्न र स्वास्थ्य, शिक्षा, संरक्षण र परिवारको उत्थानशीलता विकासको क्षेत्रमा बालबालिकाहरु लगायतका समुदायहरूसँग नजिकबाट काम गर्दै र समूहहरु, साझेदार गैर-सरकारी संस्थाहरु र स्थानीय सरकारहरूसँग मिलेर कार्यान्वयन गर्दै गरेका कार्यको प्रभावलाई देखाउँछ ।

नेपाल संघीयता विकासको चरणमा छ, जहाँ स्थानीय सरकार र प्रदेश सरकारहरु शक्ति र अधिकारीहरूसँग मिलेर उनीहरूको क्षेत्रका जनताको हितको लागि योजनाहरु, नीति निर्माण र स्रोतहरु जुटाउन शक्ति र अधिकारकर्मीहरूसँग मिलेर काम गरिरहेका छन् । यसै सन्दर्भमा, वर्ल्ड भिजनले नीति निर्माण, नीति कार्यान्वयन र प्रमाणमा आधारित नीति प्रभावमा प्राविधिक सहयोगको लागि सरकारहरूसँग काम गर्ने अवसर पाएको छ । सोही अनुसार परियोजना कार्यान्वयन गर्ने क्रममा नीति संलग्नतामा सहकार्य गर्नाले बालबालिकाको समृद्धिको विभिन्न मुद्दाहरु जस्तैः कोभिड-१९ को प्रभावमा पुनर्लाभ गर्ने जस्ता चुनौतीहरूलाई अवसरको रूपमा लिएको छ ।

त्यसैगरी, वर्ल्ड भिजनले सरकारका विभिन्न तहका प्रमाण-आधारित नीति प्रभाव प्रयासहरूका लागि शिक्षाविद् वा विश्वविद्यालयहरूको साझेदारीमा अनुसन्धान गर्नेछ ।

नेपालको अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको संघ (AIN) को एक सक्रिय सदस्यको रूपमा रहेको हुनाले वर्ल्ड भिजनसँग सबैभन्दा राम्रो अभ्यासहरु प्रसार गर्ने र अन्य सदस्य संस्थाहरूबाट सिक्ने अवसर छ । वर्ल्ड भिजनलाई क्षेत्रिय कार्यक्रमहरू मार्फत बालबालिकाहरूमा दिगो प्रभाव पार्नको लागि सहयोग प्रदान गरिएको छ । यद्यपि कार्य क्षेत्रका बालबालिका र परिवारहरूको पुरा नभएका आवश्यकताहरु पूर्तिका लागि अनुदान रकम खोज्न विभिन्न देशका दाताहरूसँग भरोसाको सम्बन्ध बनाएर स्रोत खोजी गरिनेछ ।

यसबाहेक, यो रणनीतिले "समृद्ध नेपाल खुशी नेपाली", १५ औं आवधिक योजना, राष्ट्रको दिगो विकास लक्ष्यहरूमा योगदान पुऱ्याएको छ भने साझा उद्देश्यहरूमा विभिन्न सरोकारवालाहरूसँग मिलेर काम गर्ने अवसरहरु पनि राखेको छ ।

"मलाई विश्वास छ, यस संस्थाले अछाममा बाल संरक्षणका मुद्दा कम गर्न कार्यक्रम ल्याउनेछ । जाति र जातियतामा आधारित हाम्रो समुदायमा गम्भिर प्रकारका भेदभाव व्याप्त छन् ।"

- १० वर्षीय बालक, अछाम

"बाल विवाह हाम्रो समाजमा व्याप्त छ । मलाई पनि सानै उमेरमा मेरो अभिभावकले जबरजस्ती विवाह गरीदिने हो की भन्ने डर छ । वर्ल्ड भिजनले यो बाल विवाह रोक्न राम्रो काम गरीरहेको छ र भविष्यमा पनि यस्तै कार्यक्रम चलीरहन्छ भन्ने मलाई विश्वास छ ।"

- ११ वर्षीय बालिका, डोटी

"पहिले झै युवाहरूलाई वर्ल्ड भिजनले समर्थन गरी रहनेछ भन्ने मलाई आशा छ । हामीले समुदायको सबै वर्गलाई हुने गरी धेरै परियोजनाहरू गऱ्यौं । भविष्यमा पनि यस्तै खालको कार्यक्रमहरू आउँछन् भन्ने मैले महसुस गरेको छु ।"

- १७ वर्षीय किशोर, मोरङ्ग

"हाम्रो समुदायको बालबालिकाहरू सानै देखि जोखिममा हुन्छन् । जुन परिवारमा दुवै आमा बुवाहरू रक्सी खान्छन् उनीहरू दुबैलाई बालबालिकाको वास्ता हुँदैन । म संस्थाबाट बालबालिकाहरूको हेरचाह र उनीहरूको विकासको निम्ती हुने जनचेतनामुलक कार्यक्रमको अपेक्षा राख्दछु ।"

- १६ वर्षीय किशोरी, मोरङ्ग

# ५. वर्ल्ड भिजनको रणनीतिक आशय



| दिगो विकासका लक्ष्यहरू | SDG १६ | SDG १६ and SDG १७ | SDG १, SDG २ and SDG ३ | SDG ४, SDG ५ and SDG ६ |
|---|---|---|---|---|
| सरकारी नीतिहरू/रणनीति /योजनाहरू | • बालबालिकाहरूसँग सम्बन्धित ऐन, २०७८<br>• ५ औ आवधिक योजना दृष्टिकोण कागजात | • राष्ट्रिय स्वास्थ्य नीति, २०१९<br>• राष्ट्रिय स्वास्थ्य क्षेत्र रणनीति (२०१५-२०२०) | बहुक्षेत्रीय पोषण योजना (२०१८-२०२२) | • कृषि विकास रणनीति (२०१२-२०३५)<br>• विद्यालय क्षेत्र विकास योजना (२०१७-२०२३) |
| बाल सम्वृद्धिका आकांक्षाहरू | बालबालिकाहरूलाई माया र मूल्यवान महशुस | सुरक्षा र सहभागितामा हेरविचार | सुस्वास्थ्यमा रमाउने | जिन्दगीभरको लागि शिक्षित हुने |
| वर्ल्ड भिजन इन्टरनेशनल नेपालले छनौट गरेका बाल सम्वृद्धिका उद्देश्यहरू | २. आफ्नो परिवारसँग सकारात्मक र शान्तिपूर्ण सम्बन्ध राख्ने बालबालिकाहरूमा वृद्धि | ३. हिंसाबाट सुरक्षित रहेका केटाकेटीहरूमा वृद्धि | ५. राम्रो पोषण पाएका बालबालिकाहरूमा वृद्धि | ७. निम्न माध्यमिक विद्यालयमा पढ्न सक्ने बालबालिकाहरूमा वृद्धि |

वर्ल्ड भिजनले विश्वव्यापी रूपमा १५ वर्षीय साहसिक रणनीति (हाम्रो वाचा २०३०) कार्यान्वयन गरिरहेको छ जसको मनसाय वर्ल्ड भिजनको प्रयास र स्रोतहरू विश्वका सबैभन्दा जोखिममा रहेका बालबालिकाहरू समक्ष पुऱ्याउनु रहेको छ । २०३० रणनीतिले वर्ल्ड भिजनको प्राविधिक क्षेत्रलाई मजबुत बनाउने छ र विस्तृत प्रमाणको आधारमा धेरै वर्षको अवधिमा सबैभन्दा प्रभावकारी सावित भएको छ । यसले हामीलाई समुदायहरूको लागि गहिरो र दिगो प्रभाव पार्न सक्षम बनाउँछ ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको राष्ट्रिय रणनीति (२०२१-२०२५) वर्ल्ड भिजनको विश्वव्यापी रणनीतिक आकांक्षा र उद्देश्य परिपुर्ति गर्नका साथै सोही अवसरमा नेपाल सरकारको १५ औं आवधिक योजना समेत झल्काउनको लागि तयार गरिएको हो । हाम्रो देशको रणनीतिले राष्ट्रिय सरकारबाट तोकिएका यी लक्ष्य (विकास, मानव पूँजीगत क्षमताको अधिकतम उपयोग, उच्च र दीगो उत्पादन तथा उत्पादकता, कल्याणकारी र सभ्य जीवनस्तर, स्वस्थ र पारिस्थितिक सन्तुलन, सुरक्षित, सभ्य सौहार्दमय समाज र सुशासन) मा योगदान पुऱ्याउने दृष्टिकोण राखेको छ ।

त्यसैगरी, वर्ल्ड भिजन इन्टरनेशनल नेपालको राष्ट्रिय रणनीति २०२१-२०२५ अनुसार उक्त रणनीतिले दिगो विकास लक्ष्यका सत्र मध्ये आठ वटा (१, २, ३, ४, ५, ६, १६ र १७) मा योगदान पुऱ्याउँछ । माथिको तालिकाले दिगो विकास लक्ष्यका राष्ट्रिय सूचकहरू सँगको सम्बन्ध र यसमा संस्थाको रणनीतिले कसरी योगदान पुऱ्याएको छ भनि उल्लेख गर्दछ ।



# ६. रणनीतिक प्राथमिकता र केन्द्रित क्षेत्र

## लक्ष्य (२०२१-२०२५):

८ लाख अति जोखिममा रहेका बालबालिकाहरूको जीवनस्तरमा सुधार गर्ने ।




## दृष्टिकोण र परियोजना मोडेलहरु:

तीन पक्षीय दृष्टिकोण:

१. दीर्घकालीन दिगो समुदायको विकास, समुदायको आवश्यकताहरु पूरा गर्न समर्थन गर्न (उनीहरूले परिभाषित गरे अनुसार): क्षेत्र कार्यक्रमहरूद्वारा (बहु-क्षेत्रीय र एकीकृत, ५ वर्ष चक्रमा)

२. मानवीय कार्य र प्राकृतिक वा मानव निर्मित प्रकोपहरूको आपत्कालीन राहत प्रतिकार्य


३. पैरवी र सामाजिक उत्तरदायित्वः स्थानीय, राष्ट्रिय, क्षेत्रिय र विश्वव्यापी स्तरमा नीति निर्माणकर्ता र जनतासँग काम गर्दै बालबालिकाहरूको जीवनलाई असर गर्ने प्रमुख मुद्दाहरूको बारेमा कार्य गर्ने ।

## राष्ट्रिय कार्यक्रमको लागि विषयगत क्षेत्र:



## केन्द्रित भौगोलिक क्षेत्र :

वर्ल्ड भिजनले आफ्ना कार्यक्रम र स्रोतहरु प्रदेश २, ६ र ७ (सुदूरपश्चिम) मा केन्द्रित गर्नेछ: यी प्रदेशहरू नेपालमा सबैभन्दा बढी बहु-आयामी गरिबी सूचाङ्क (MPI)[४] भएका तीन प्रदेश हुन् । वर्ल्ड भिजनले आफ्नो नयाँ सामुदायिक विकास कार्य क्षेत्रिय कार्यक्रम मार्फत सुदूरपश्चिम प्रदेश २ साथै कर्णाली प्रदेशमा केन्द्रित गर्नेछ - सुदुरपश्चिम प्रदेशको तुलनामा कर्णाली प्रदेशमा चलिरहेको विकास परियोजनाहरु उल्लेखनीय संख्यामा रहेको छ । यद्यपि हामी अन्य प्रदेशहरुमा पनि विकसका आवश्यकताहरुलाई संबोधन गर्न र मानवीय प्रतिकार्य कार्यक्रमहरु/परियोजनाहरु सहितको कार्यक्रमहरूका लागि खुला छौं ।




4 Multidimensional Poverty Index: Analysis towards Action, 2018. National Planning Commission, Oxford Poverty and Human Development Initiative, University of Oxford, 2018

# ७. प्रभावको लागि साझेदारी

वर्ल्ड भिजनले नेपाल सरकार, अन्तर्राष्ट्रिय विकास कर्ताहरु, स्थानीय साझेदार गैर सरकारी संस्थाहरू र अन्य प्राविधिक सहयोगीहरूसँग नेपालमा यसको विस्तार, पहुँच र प्रभावको गहिराई सिर्जना गर्न सँगसँगै काम गर्दछ ।

## राष्ट्रिय र संघीय सरकार

- शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- श्रम, रोजगारी तथा सामाजिक सुरक्षा मन्त्रालय
- गृह मन्त्रालय
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- जल तथा मौसम विज्ञान मन्त्रालय
- जिल्ला प्रशासन कार्यालय
- जिल्ला विपद् व्यवस्थापन समिति
- जिल्ला समन्वय समिति
- राष्ट्रिय बाल अधिकार परिषद्
- सामाजिक विकास मन्त्रालय (प्रदेशहरू)
- जिल्ला समन्वय समिति
- प्रहरी (महिला तथा बालबालिका सेवा केन्द्र)
- नगरपालिका/गाउँ नगरपालिका र वडा कार्यालयहरू

## विकास साझेदारहरु

- वर्ल्ड भिजन नेपालमा रहेको अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको संघ (AIN) को सदस्य हुनुका साथै नेतृत्व पनि गर्दछ । यस संघमा १३९ सक्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सदस्यहरू छन् ।
- नेपालमा SDG र संघीयताको-सापेक्ष पहलसँग सम्बन्ध रहेको स्थानीय गैरसरकारी संस्थाहरूको महासंघससँग वर्ल्ड भिजन इन्टरनेशनल नेपालको निकटको साझेदारी रहेको छ ।
- स्थानीय गैरसरकारी संस्थाहरूको महासंघसँग र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको संघका साथ साझेदारी गरी नेपालमा बालबालिकाको सम्बृद्धि सम्बन्धि समस्यालाई सम्बोधन गर्न सामूहिक र पूरक प्रयासहरु परिचालन गर्ने रणनीति रहेको छ ।

## साझेदार NGOs

- वर्ल्ड भिजनले आफ्ना सत प्रतिशत परियोजनाहरु स्थानीय साझेदार संस्थाहरूमार्फत कार्यान्वयन गर्दछ ।
- आगामि ५ वर्ष भित्र, वर्ल्ड भिजनले केही स्थानीय साझेदार संस्थाहरू सँग ठूलो कार्यक्रमहरूमा कार्यक्रमहरू कार्यान्वयन गर्ने लक्ष्य राखेको छ । वर्तमान अवस्थामा नेपालका नागरिक समाजहरू मध्येका ३० स्थानीय साझेदार संस्थाहरू मध्ये बाट १५-१७ मार्फत बालबालिकाको क्षेत्रमा विशेष कार्यक्रमको उद्देश्य बोकेका केही साझेदार संस्थाहरूसगँको साझेदारीमा क्रियाशिल रहने छ ।

## नवप्रवर्धन र स्रोत परिचालनको साझेदारी

- नेपाल इनोभेशन ल्याब
- अन्य नवप्रवर्धन कार्यको लागि सहयोग वा महत्वपूर्ण साझेदारीहरू
- प्रमुख संस्थागत र निजी दाताहरु (जापानको विदेश मामिला मन्त्रालय, DFAT/AusAid, विश्व बैंक, आदि)
- वर्ल्ड भिजन सहायता कार्यालयहरु (वर्ल्ड भिजन हङ्कङ्, वर्ल्ड भिजन सिंगापुर, वर्ल्ड भिजन अमेरिका, आदि)

# हाम्रा साझेदारहरू

| | |
|---|---|
| मोरङ्ग | राष्ट्रिय सामुदायिक विकास केन्द्र (NCDC) |
| सुनसरी | अन्तराष्ट्रिय पृथ्वी बचाउ संस्था |
| उदयपुर | जाल्पा एकीकृत विकास समाज (JIDS) |
| | मानव अधिकार र वातावरण विकास केन्द्र (HURENDEC) |
| सर्लाही | राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र (RRPK) |
| | बाग्मती सेवा समाज नेपाल (BWSN) |
| महोत्तरी | सामाजिक विकास केन्द्र (SDC) |
| रौतहट | ग्रामीण विकास केन्द्र (RDC) |
| सिन्धुली | सिन्धुली एकीकृत विकास सेवा (SIDS) |
| | रिलिफ नेपाल |
| | सामुदायिक विकास कार्यक्रम सिन्धुली (CDPS) |
| लम्जङ्ग | ग्रामीण सामुदायिक विकास केन्द्र (RCDC) |
| जुम्ला | कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (KIRDARC) |
| काठमाडौं | असल छिमेकी नेपाल (GNN) |
| | बाल विकास समाज (CDS) |
| कैलाली | बालबालिका कल्याण संघ, टीकापुर (WACT) |
| | दियो विकास समाज (DBS) |
| | सामाजिक विकासका लागि सचेत समाज (CSSD) |
| डोटी | सामुदायिक विकास केन्द्र (CDC) |
| | समान पहुँच विकास केन्द्र नेपाल (CEAD) |
| अछाम | पहुँच र सृजनाका लागि सहकार्य नेपाल (WAC Nepal) |
| | सामाजिक रूपान्तरण तथा मानवीय सहायता संघ (आस्था) नेपाल |
| बझाङ्ग | प्रगतिशील युवा समाज (PYS) |



World Vision | नेपाली जुटौं बाल विवाह रोकौं

# वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

**राष्ट्रिय कार्यालय**
के.सी. भवन, कुसुन्ती, ललितपुर
पो.ब. २११९६९
फोन : +९७७-०१-५५४८८७७/५५४७१७७

**शहरी कार्यक्रम कार्यालय**
के.सी. भवन, कुसुन्ती, ललितपुर
पो.ब. २११९६९
फोन : +९७७-०१-५५४८८७७/५५४७१७७

**पूर्वी फिल्ड कार्यालय**
प्लट ३५१, बर्दिबास नगरपालिका - ३,
महोत्तरी
फोन : +९७७-६४६९११०८

**पश्चिम फिल्ड कार्यालय**
हसनपुर, धनगढी उप-महानगरपालिका - ५,
कैलाली
फोन : +९१-५२४०३२

**नि:शुल्क टेलिफोन सेवा : १६६००१०००१४**

@wvinpl @wvnepal @wvinepal World Vision International Nepal